BUDDHISM
DIGITAL
LIBRARY
2567

पुनर्जन्मको आधारमा
आधारित सामाजिक उपन्यास

# अवतार

उपन्यासकार
कल्याणमित्र डीबी गुरुङ

पुनर्जन्मको आधारमा आधारित
सामाजिक उपन्यास

# अवतार

यस उपन्यासमा उल्लेख भएका धट्नाक्रमहरु र पात्राहरु सबै काल्पनिक हुन् । पुनर्जन्मको आधारमा आधारित सामाजिक उपन्यास अवतारको यात्रामा कहिँकतै कसैको जीवनसंग हुबहु मेल खाना गएमा दुःखत संयोग मात्र हुनेछ । कल्याणमित्र ।

# Free Copywite
# Digital Book
# Chapter Eight
# 12 Pages

पुनर्जन्मको आधारमा आधारित
सामाजिक उपन्यास अवतारको परिदृश्य आठ
(ज्याँबरुको राज्याभिषेक)को मूल पान्डुलिपिमा थपघट
नगरिकन बुद्धिजम डिजिटल लाइब्रेरीमा डिजिटल
पुस्तकको रुपमा प्रकाशन गर्न अनुमति दिन्छु ।

उपन्यासकार
कल्याणमित्र डीबी गुरुङ
dhirgurung2020@gmail.com
दिसम्बर ५, २०२३
अमेरिका

# समर्पण

यो उपन्यासको सम्पूर्ण कथाब्यथाहरु पात्रहरुलाई नै समर्पण गर्न चाहन्छु ।

पुनर्जन्मको आधारमा आधारित
सामाजिक उपन्यास

# अवतार

## ८. परिदृष्य आठ (ज्याँबरुको राज्याभिषेक):

पूर्व निर्धारित समयमा राजा बमबल आफ्ना दलबल सहित सफुँतीमा आए। उनको भव्य स्वागत एवं सत्कार भयो। 'राजा बमबल र कुलपति'बीच बिशेष भला कुसारी भयो। अन्तपुरले पूर्णता प्राप्त गर्यो।

तपाइँको महापरिवार 'सफुँती'मा आए पछि किन हो किन मलाई अत्यन्तै उत्साह भैरहेको छ। मानौ, बिछोड भएका परिवारहरुबीच लामो समय पछि पुनः भेट हुँदाको बखत हर्ष र उल्लासमय क्षण जस्तो आभास भैरहेको छ! यो कुरा मैले स्पष्ट रुपमा भन्न नसके तापनि हाम्रो बीचमा पूर्वजुनिमा पनि कुनै न कुनै नजिकको नाता सम्बन्ध रहेको अनुभूति हुन्छ। तर, के सम्बन्ध थियो ? यो कुरा मैले स्मरण गर्न सकिन। त्यही प्रतिबिम्बले मलाई सधैं धच्धच्याइ रहेको हुन्छ। त्यसैले, आजको यो पावन अवसरमा कुलपति ज्याँबरुको 'राज्याभिशेक' गरेर 'सफुँती'लाई एउटा स्वतन्त्र 'ख्व्याल्स' घोषण गरी, हर्ष र उल्लासको उत्सव मनाउने मेरो अभिलाषा छ, राजा बमबलले लामो भूमिका बाँधेर आफ्नो मन्तव्य राख्यो।

‘उपस्थित जनसमूहले बेजोड तालिले समर्थन दियो ।’

‘कुलपतिले तर... समय... भन्दै थिए ।’

राजा बमबलले पूर्व तैयारीकासाथ ल्याएका पगरीले कुलपतिलाई सम्मान दिएर, बधाइ दिए ! साथै ‘सफुँती’लाई स्वतन्त्र राज्य पनि घोषणा गरे । त्यसपछि ‘सफुँती’ स्वतन्त्र ख्व्याल्सको नामबाट परिचित भए ।

उपस्थित भारदारहरु र जनसमूहले राजा बमबलको जय होस् ! राजा ज्याँबरुको जय होस् ! भन्दै, जय जयकारको उत्तेजित ध्वनिले सिँगारिएको अन्तपुरको मन्च पूर्ण रुपमा गुन्जएमान भए । हर्ष र उल्लासमय बातावरणमा गुन्जिएका ती उत्तेजित ध्वनिहरु ‘सफुँती ख्व्याल्स’को माटोमा तरङगित हुँदै, पित्रृ लोकसम्म पुगे । तरङ्गित ध्वनिहरुमा ‘सफुँती ख्व्याल्स’को नाम पनि सुनिएकोले, ज्याँबरुका पिता खबरुले त्यहाँ के हुँदै छ, भनि ध्यान दृष्टिले हेर्दा, हर्ष र उल्लासमय बातावरणमा ज्याँबरु च्यनको ‘राज्याभिशेष’ भैरहेको देखे । आफ्नो सपना छोराले पूर्ण गरेकोमा पितृ लोकमा पनि उत्सव मनाए । त्यही उत्सवको प्रभावले गर्दा उनी पितृलोकबाट देवलोक पुगे ।

नयाँ राज्यको रुपमा अस्तित्वमा आएको सफुँती ख्व्याल्समा राज्याभिशेष कार्यक्रम सकिए पछि दुबै राजा-हरुबीच मैत्रीपूर्ण बातावरणमा आपासी भलाकुसारी भए ।

आजको खुसियालीमा हजुरको सेवामा टक्रयाउन सक्ने मुल्यवान बस्तुमा, हार्दिक आभार बाहेक महापरि-वारसंग अरु के छ र ? ज्याँबरुले भाबुक हुँदै भन्यो ।

‘हे, सफुँतीको अधिपति,’ मुल्यवान भनिने बस्तुहरुको लेनदेन त, व्यापार, व्यवसाय र संझौतामा हुने गर्दछन् । जस्मा केही लिने वा दिने अर्थात नाफा र नोक्सानको हिसाब गरिन्छ । हामीहरुले त, आपासी सदभावलाई साटासाट गरेर, पारिवारिक सम्बन्धलाई सुमधुर र घनिष्ठता बनाउन परम् आवश्यक ठान्दछु । मित्रताको सम्बन्ध सवभन्दा उत्कृष्ट मानिन्छ। जुन सम्बन्ध व्यत्तिगत स्वार्थ भन्दा, माथि उठेको हुन्छ । मित्रताको सम्बन्ध भावनासंग जोडिएको हुन्छ । तर, पारिवारिक सम्बन्ध कुलपरम्परा र रगतसंग जोडिएको हुन्छ । यस सन्दर्भमा एउटा अनुरोध गर्न चाहन्छु, बमबलले भन्यो ।

‘अनुरोध हैन, आदेश गर्नुहोस,’ ज्याँबरु च्यनले दुइ हात जोडेर उत्सुकता प्रकट गरर भने !

ह्मम्रो पारिवारिक सम्वन्धमा आदेश होइन, अनुरोध, समानता सह-अस्तित्व, प्रेम, मैत्रिभाव र करुणाबाट ओत प्रोत भएर मार्ग दर्शन गर्न उपयुक्त हुन्छ। यसबाट हाम्रो पारिवारिक सम्बन्धमा सौहर्दपूर्ण बातावरण सृजना हुनका साथै नविन उर्जाको उदय पनि हुन्छ । यही उर्जाको शौर्यमा हाम्रो दुबै परिवारको उन्नति, प्रगति र समृद्धिको नयाँ मार्ग चित्र तयार हुने छन्। त्यसैले, तपाइँकी नातिनी लयाँसंग युवराजको बैबाहिक सम्वन्ध जोड्न चाहन्छु जुन सम्बन्ध मानव समाजमा सवभन्दा नजिक र न्यानो हुन्छ राजा बमबलले अत्यन्तै नम्रतासाथ पारिवारिक सम्बन्धमा कुटनीतिक रंग दियो ।

नेपाली उखानमा भनाइ नै छ, 'के खोजेको काना दुइ आँखा ।' शासकहरुको काम नै शासन गर्नु हो । साम, दाम, दण्ड र भेद सबै अस्त्र र शास्त्रको प्रयोग गरेर पनि राज्य व्यवस्था टिकाइ राख्ने मूल उद्देश्य रहन्छन् । तर, ज्याँबरुको सवालमा यो तर्क प्रभावहिन थियो । फेरी पनि राजा बमबलको कुराले ज्याँबरुको मनमा हर्ष र बिस्मद एकैसाथ उम्लियो ! हर्ष यस अर्थमा कि, अचानक यतिका ठुलो राजपरिवारबाट बैबाहिक प्रस्ताव आयो ! बिस्मत यस अर्थमा कि, कहिल्यै हिमचिम नभएको परिवारमा एक्कासी भएको सम्बन्धको परिणाम के हुने हो ? तै पनि उनले स्वीकृतिका लागि नमगुरु, चोग र तपुतिर दृष्टि घुमाए । उनीहरु तीनै जनाको मुहारमा देखिएको हर्ष र उत्तेजनाले सकारात्मक रुपमा स्वीकृति दियो । फेरी पनि नातिनी लयाँ च्यनको व्यक्तिगत बिचार बुझ्नका लागि, कटुवाल नलुँलाई सांकेतिक भाषामा अह्राए ।

नातिनी लयाँ च्यनको उपस्थितिले सभा मण्डलमा कालो बादलको भुमारीबाट एक्कासी फुत्त निस्किएको पूर्ण चन्द्रमाको आगमान जस्तो आभास भयो ! उनलाई युवराजको प्रस्ताव स्वीकार्य छ वा छैन ? स्वयम्वर भनेको नारीको अत्यन्तै निजि विषय भएकोले स्वयम् निर्णय गर्न, ज्याँबरुले लयाँलाई प्रस्ताव गरे ।

'हे, कुलपति, तपाइँको प्रस्ताव स्वीकार छ,' कुमारी लयाँ च्यनले भनिन् ।

'तत्काल त्यही सभामण्डपमा स्वयम्वर सम्पन्न भयो ।'

सो अवसरमा पिता तपु च्यनले पुत्री लयाँको हात युवराजको हातमा थमाउदै भने– 'हे बमबल राज्यका उत्तराधिकारी कनल,' आजदेखि मैले, मेरो सुपुत्री लयाँलाई जलाभिशेष गरी, कुलपित्र, इष्टदेव 'कुकौंलिाम्हार' कैलाश-पति, सफुँतीको माटो र आजको राज्याभिशेष सभालाई साछ्री राखि 'मारे पाप, पाले पुण्य' भनि कन्या दानको महासंकल्प गरेको छु । यो संकल्पले दुबैको मनोकामना पूर्णहोस् भनि आशिरबचन दिए ।

अतिथिहरुलाई जलपानले सत्कार गरेपछि, दश घोडा, दशयाक, सयभेडा, बाख्रा, एक पोका कस्तुरीको बिना, अमुल्य गरगहना, लत्तकपडा, राडी, बक्खु र सहयोगीहरु सहित लयाँलाई बिदाइ कार्यक्रम आरम्भ भयो ।

'हे, सफुँती अधिपति,' आजदेखि तपाइँ र म सामाजिक मान मर्यादा, प्रतिष्ठा, श्रीसम्पत्ति, राज्यक्षेत्र र शासन प्रणालीको सवालमा बराबर हकदार भयो । म र तपाइँसंग भएका चलअचल धन सम्पत्तिहरु, नाता, कुटुम्ब र परिवारजन दुबैको साझा हुन् । त्यसैले, यी बस्तुहरुलाई आ-आफ्नै स्थानमा रहन दिनुहोस् । हाम्रा युवराज्ञीलाई युवराजले आफ्नो औकात र इच्छा अनुसार सिँगार्ने शुभअवसर दिनुहोस् । निजी सहयोगीहरुको सवालमा युवराज्ञीको इच्छा अनुसार हुनेछ । संख्याको सवालमा यति उति भन्ने हाम्रो कुनै बारबन्देज रहने छैन, राजा बमबलले नम्रताकासाथ अनुरोध गरे ।

अन्तमा, राजा बमबलको आज्ञ काट्ना नसके पछि

कटुवाल नलुँको नेतृत्वमा सहयोगीहरुका साथ युवराज्ञी लयाँ च्यनको भव्य रुपमा बिदाइ समरोह सम्पन्न भयो ।

जाने वालाहरु त, लावा लस्कारका साथ आफ्नो बाटो नाप्दै गइहाले तर, लयाँको बिदाइले सम्पूर्ण परिवारजनलाई नियस्रो बनाउनु त स्वभाविकै थियो । केही समय अघिसम्म हर्ष र उल्लासमय बातारणमा देखिएका अन्तपुरको सभा भवनका चार दिवार पनि आपासमा हेराहेर गर्दै, चुपचाप थिए । स्वागत द्धारमा सजाइएका फूलहरु पनि प्राणहिन भएकाले आफैमा निरास र एक्लोपनको अनुभव गर्दै, पानीले छाडेको किनाराझै चुपचाप उभिरहेको थियो । ‘सफुँती ख्यात्ल्स’का वरिपरी हरियाली बन, जंगलमा रमाउने चरा चुरुङ्गीहरु पनि बिछोडका पिडाले चिरबिर गरी हाँस्न र गाउँन समेत सकिरहेको अवस्था थिएन । चारैतिर चकमन्न सुनसान थियो ।

महाकवि लक्ष्मी प्रसाद देवकोटाले भन्नु भएको छ, ‘उद्देश्य के लिनु, उडि छुनु चन्द्र एक’ अर्थात जुनसकै क्षेत्रको अभियान्ता, योद्ध, कलाकार वा विद्यार्थी होस, उनीहरुको एउटै लक्ष्य हुन्छ, लक्षित गन्तव्यमा पुग्नु वा सफलता हाँसिल गर्नु । विशेष गरी राज्य शक्तिको सवालमै अधिकतम चलखेल हुने गर्दछन् । किनभने, राज्य शक्ति आफ्नो अनुकुलमा भए पछि साम, दाम, दण्ड र भेद सबैको डाडु पन्यु आफ्नै अनुकुलतामा चल्दछन् । जसरी ब्रह्माण्डको नक्षेत्रहरुले पनि आफ्नो गतिलाई सन्तुलन बनाइ राख्न तापक्रमको लागि सूर्यको परिक्रमा गरिरहेका

हुन्छन् । यसै अनुरुप, सामाजिक कार्यकर्ता, योद्ध र अभियान्ताहरुले पनि शक्ति सन्तुलनका लागि राज्य शक्तिको वरिपरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्नो भूमिकालाई क्रियाशिल बनाइ राख्ने प्रयत्नमा रहेका हुन्छन् । मूल नायकले पनि त्यही चाहेका हुन्छन् । दुबैको लक्ष्य एउटै भए तापनि कार्यकारण सिद्धान्तमा एउटाले उपयोग गर्ने र आर्कोले उपयोग गराउने । यसरी दुइ अलग स्तर र कोणबाट राजनीतिक व्यवस्थाको सन्तुलन बनाउने प्रयास गरिन्छ । यो सन्तुलन सकारात्मक भएमा उन्नति, प्रगति र समृद्धि प्राप्त हुन्छ । तर, नकारात्मक भएमा तानाशाही प्रबृतिको उदय हुन्छ । परिणाम, राज्य व्यवस्था दीघार्यु हुँदैन । इतिहासले यही कुराको प्रमाण दिन्छ ।

'सफुँती'मा एक्कासी अकल्पनिय परिवर्तन हुन गएको घट्नाक्रमले राजा ज्याँबरु च्यनलाई हर्ष र उल्लास दुबैले एक साथ गदगद तुल्यायो ! नातिनी लयाँको पनि ठुलो घरानामा लगन गाँठो बाँधना सफल हुन गएकोमा आफुलाई भाग्यमानी नै ठानेका थिए । तर, अबको नयाँ राज्य व्यवस्थाको स्वरुप कसरी तैयार गर्ने भन्ने बारेमा धुडासंग मन जोडेर मतो गर्दै थिए । त्यही समय हुक्का लिएर आएकी छ्याँउस्योले लौ, लौ, हाम्रो नयाँ राजा, हुक्का लिनु होस् भन्दै, व्याङ्ग्य गरिन् ।

'के ताल न बेतालसंग बोलेकी होलिन् !' व्याङ्ग्य गर्नु बाहेक अरु पनि केही जानेकी छौ तिमीले ? असल स्त्रीको पहिचान भनेको त, रुपरंगले होइन, बोली, बचन, व्यवहार

र आचरणबाट प्रमाणित गर्नु पर्छ, ज्याँबरुले भन्न खोज्दै थिए तर, खित्का छाडेर उनी भित्र पसिन् ! खुसीको क्षणमा तिब्र व्याङ्ग्य गरेर आफ्नो सन्तुष्टिको भावहरु पोख्ने, छ्याँउस्योको पुरानो बानी थियो । उमेर घर्के पनि नानीको बानीमा परिवर्तन आएन !

नयाँ राज्य व्यवस्था कस्तो हुनु पर्ने ? कस्तो भएमा शान्ति, सुरक्षा, उन्नति, प्रगति र समृद्धिको मार्ग चित्रण हुन सक्दछ भन्ने विषयमा हुक्काको साथमा परिकल्पना गर्दै थिए । त्यही बखत नमगुरु चोग तपु कबो न्हबो सतो न्हह्निँ छ्हिँ सतँ कर्म म्रोँदु र ढग सबै एकसाथ आइपुगे ।

तपाइँहरु ठिक समयमा आउनु भयो । हाम्रो पिताले परिकल्पना गरेको राज्य व्यवस्थाको बास्तविक स्वरुप यहाँ स्थापना गर्न सक्नु पर्छ । यसका लागि खुलेरै छलफल हुनु पर्छ ज्याँबरुले उत्साहित हुँदै भने । *****